नेपाल सरकार
**खानेपानी मन्त्रालय**
सिंहदरवार, काठमाडौं।

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरवार, काठमाडौं

## खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण आयोगको पदाधिकारी नियुक्तिको लागि दरखास्त आव्हान गरिएको सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०/०२/१५

खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ को उपदफा (१) बमोजिमको समितिको अध्यक्ष एवं सदस्य पदमा नियुक्त भै कार्य गर्न ऐन बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रस्तुत सूचना प्रकाशित भएको २१ (एक्काइस) दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) यस मन्त्रालयमा रितपूर्वक दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| ०१/०७९/८० | अध्यक्ष | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ, व्यवस्थापन, अर्थशास्त्र वा वित्तीय व्यवस्थापनमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित सार्वजनिक संस्थामा व्यवस्थापकिय जिम्मेवारी लिई कम्तीमा दश वर्षको अनुभव। |
| ०२/०७९/८० | सदस्य | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वित्तीय व्यवस्थापन, चार्टर्ड एकाउन्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तिमा स्नातक उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव। |
| ०३/०७९/८० | सदस्य | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव। |

**१. दरखास्त पेश गर्ने प्रक्रियाः**

खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को अनुसूची-२ बमोजिमको दरखास्त फारम साथ देहायकाकागजातहरु पेश गर्नुपर्नेछ। दरखास्त फारम यस मन्त्रालयको वेभसाईट **www.mows.gov.np** बाट download गर्न सकिनेछ।

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
ख. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशी विश्वविधालयबाट शैक्षिक उपाधि हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत),
ग. वैयक्तिक विवरण,
घ. अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,
ङ. अध्यक्षको हकमा खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को अनुसूची-३ बमोजिमको खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण आयोगको सुधार सहितको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दनबढाई)छुट्टैखाममा सहिछाप सहित सिलबन्दी गरी पेश गर्नुपर्ने,
च. खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७८ दफा ४ बमोजिम अयोग्य नभएको भनी स्वघोषणापत्र।

**२. दरखास्त बुझाउने स्थानः** खानेपानी मन्त्रालय (प्रशासन महाशाखा), सिंहदरवार, काठमाडौं।

थप जानकारीका लागि टेलिफोन नं. ०१-४२११६५१

३. प्राप्त निवेदन उपर जाँचबुझ गरी मन्त्रालयले संक्षिप्त सूची तयार गर्नेछ र सोको आधारमा व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ।

४. अध्यक्ष र सदस्यहरुमध्ये कम्तिमा एक जना महिला हुनुपर्ने प्रावधान रहेकोले महिलाहरुलाई आवेदन पेश गर्न विशेष अनुरोध छ।